# अस्वमेध

घोडाहरु दगुराइरहेछन
दगुरिरहेछन उन्मत्त भएर
चारै दिसा मा हिनहिनाउँदै
सानु ठुला घोडा हरु
गौँडा गौँडा बाट
धर्म घोडा
सम्प्रदाए घोडा
बाद घोडा
जाति घोडा
टाकुरे बन्ने धुन मा
ठाकुरे बन्ने धुन मा
चक्रबर्ति बन्ने धुन मा
यौ भिन्दा भिन्दै अस्वमेध
पुरुष मेध
नरमेध !

संकल्प हुंछ
सेतो परेबा बलि दिएर
पछि पछि दगुरेका छन
प्यादा हरु
तरबार लिएर
राइफल लिएर
मिसाइल लिएर
अंतत: बलि हुने अस्व सुरक्षार्थ ।

यो राम को अस्वमेध हैन
लब कुस पनि ढालिंछन
क्षमा छैन शब्दकोषमा ।

खै हिजो का चक्रबर्ति ???

पद्‌चापले कम्पित धरा
नरबलि ले सिंचित धरा
चट्‌पटाउँछा संतान पीडा ले
छट्‌पटाउँछ संतान पीडा ले ।

अंत कसरि हुने होला यो अस्वमेध को ?
कहाँ हुने होला अंत?
कति प्यादा फर्कने हुन ?
कति तरबार भिजेर ।

अंतमा
बिगुल फुकिनेछ
बिजय को आतसबाजि
मसान शाला मा
बध शाला मा
जयजयकार चक्रबर्ति को
शांति शांति
परिणति
अस्वमेधा को
पुरुष मेध को
नरमेध को !
+++++

कपिल अधिकारी
ताइपे,ताइवान
Feb 24,2003